"स्वस्च्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## सडक क्षेत्राधिकार खालि गर्ने सम्बन्धी सूचना ।

सूचना प्रकाशन मिति : २०७९/०५/२१

लालबन्दी नगर कार्यपालिकाको मिति २०७९/०५/०९ गते बसेको बैठकबाट यस लालबन्दी नगरपालिका अन्तर्गतको मुख्य बजार क्षेत्र तथा पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँ अव्यवस्थित रूपमा स्टल, पसल, ठेलागाढा, निर्माण सामाग्री राखी बजारको सौन्दर्यतालाई कुरूप बनाएको साथै सडक जोखिम, शान्ति सुरक्षा लगायत अन्य दैनिक जिवन यापनमा समेत असर भैरहेको हुँदा मुख्य लोकमार्गको दायाँ बायाँ रहेको अव्यवस्थित स्टल, पसल, ठेलागाढा ७(सात) दिन भित्र हटाउन सम्बन्धित सरोकारवालाहरूलाई सार्वजनिक सूचना जारी गर्ने भन्ने निर्णय भएकोले लालबन्दी नगरपालिकाको वडा नं. १, ६, ७ र १७ मा रहेको मुख्य बजार क्षेत्रको सडकको क्षेत्राधिकार भित्र रहेका र पूर्व पश्चिम लोकमार्गको बिचबाट दायाँ बायाँ ७५(पचहत्तर) फिट भित्र राखिएका सम्पूर्ण स्टल, पसल, ठेलागाढा र निर्माण सामाग्रीहरू यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र हटाउनु हुन सरोकारवाला सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अन्यथा स्थानीय प्रहरी प्रशासनको समन्वयमा उक्त अव्यवस्थित सामाग्रीहरू नगरपालिकाबाट हटाईने र सो क्रममा हुने सम्पूर्ण क्षतिको जवाफदेहीका साथै हटाउँदा हुने खर्च समेत सम्बन्धित व्यक्तिहरूबाट नै असुल उपर गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । साथै नगरको सौन्दर्यता अभिबृद्धिमा र व्यवस्थापनमा स्थानीय राजनीतिक दल, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स समेतका संघ संस्था र नागरिक समाजका लब्ध प्रतिष्ठित महानुभावहरू सम्पूर्णको सहयोगको अपेक्षा गर्दछौं ।

वासुदेव अधिकारी
नगर प्रमुख
०७९/५/२१